प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : ३२३ ॥ २०८१ पुष २९ गते सोमबार (13th Jan 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-


# झापाका ५० वटा सहकारी संस्था निश्क्रिय




झापा(प्रस)।झापाका ५० वटा सहकारी संस्था निश्क्रिय बनेका छन् ।

झापामा ७५६ वटा सहकारी संस्था दर्ता रहेका छन् । त्यसमध्ये जिल्ला सहकारी संघमा ४९६ वटा संस्था आवद्ध छन् । तीमध्ये ५० वटा सहकारी संस्था निश्क्रिय रहेको जिल्ला सहकारी संघ झापाले जनाएको छ । ती सहकारी संस्थाहरु लामो समयदेखि निश्क्रिय रहेको जिल्ला सहकारी संघको २८ औं साधारण सभामा लेखा सुपरीवेक्षण समितिका संयोजक चुडामणि ओझाले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

निश्क्रिय रहेका सहकारी संस्थाहरुमा महिला विकास सहकारी संस्था मेचीनगर , मितेरी बचत तथा ऋण सहकारी संस्था मेचीनगर , दुवागढी कृषि सहकारी संस्था मेचीनगर , हिमालयन बचत तथा ऋण सहकारी संस्था मेचीनगर , परिचय महिला बचत तथा ऋण सहकारी संस्था मेचीनगर , पूर्वक्षितिज सूर्योदय कृषि सहकारी संस्था मेचीनगर , जागरण कृषि सहकारी संस्था मेचीनगर , संगम नारी विकास बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोड , रोचक कृषि सहकारी संस्था बिर्तामोड , उर्वरा कृषि सहकारी संस्था बिर्तामोड, नवज्योति अपाङ्ग तथा महिला बहुउद्दश्यीय सहकारी संस्था बिर्तामोड , गरिवी न्यूनीकरण बचत तथा ऋण सहकारी संस्था बिर्तामोड, सँगालो महिला कृषि सहकारी संस्था बिर्तामोड , भिजन कृषि सहकारी संस्था बिर्तामोड, ऊर्जाशील कृषि सहकारी संस्था बिर्तामोड , सिद्धिविनायक बचत तथा ऋण सहकारी संस्था , पारिवारिक कृषि सहकारी संस्था भद्रपुर , मित्रता कृषि सहकारी संस्था हल्दीवारी ,ऐचोपैचो बचत तथा ऋण सहकारी संस्था भद्रपुर, अल्पादेवी बीउविजन उत्पादक सहकारी संस्था बुद्धशान्ति , फलदायी कृषि सहकारी संस्था बुद्धशान्ति , सामना सुपारी सहकारी संस्था बुद्धशान्ति , हितैषी कृषि सहकारी संस्था बुद्धशान्ति र जनआदर्श कृषि सहकारी संस्था बुद्धशान्ति रहेका छन् । त्यस्तै सरस्वती महिला कृषि सहकारी संस्था बुद्धशान्ति , दामा अधेरी कृषि सहकारी संस्था बुद्धशान्ति , कोपिला बचत तथा ऋण सहकारी संस्था अर्जुनधारा , प्रतिभा महिला कृषि सहकारी संस्था अर्जुनधारा , कुम्भीटार बचत तथा ऋण सहकारी संस्था अर्जुनधारा , टाडटिङ कृषि सहकारी संस्था अर्जुनधारा , माँ कालिका दुग्ध सहकारी संस्था अर्जुनधारा , सृजना बचत तथा ऋण सहकारी संस्था अर्जुनधारा , चन्द्रज्योति कृषि सहकारी संस्था कन्काई , नवयुवा मत्स्यपालन सहकारी संस्था कन्काई , कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था दमक , नेपाल औषधी व्यवसायी सहकारी संस्था दमक , पाथीभरा दुग्ध उत्पादक सहकारी संस्था दमक , कञ्चन दुग्ध सहकारी संस्था दमक , नारायणी बचत तथा ऋण सहकारी संस्था दमक , नवरंग बचत तथा ऋण सहकारी संस्था दमक , मजबुत बचत तथा ऋण सहकारी संस्था दमक , माई पश्चिम बचत तथा ऋण सहकारी संस्था दमक , भाग्यशाली सहकारी संस्था कमल , नेपाल दुग्ध उत्पादक सहकारी संघ कमल,श्रमजीवी कृषि सहकारी संस्था कमल, क्याम्पा कृषि सहकारी संस्था कमल , कमल कृषि सहकारी संस्था कमल, गौरी सहकारी संस्था गौरीगञ्ज र मेलमिलाप बचत तथा ऋण सहकारी संस्था गौरीगञ्ज पनि निश्क्रिय रहेको जिल्ला सहकारी संघ झापाले जनाएको छ ।

# सहकारी संघको १५ करोड बढी लगानी जोखिममा



झापा(प्रस)। जिल्ला सहकारी संघ झापाले लगानी गरेको १५ करोड भन्दा बढी रकम जोखिममा परेको छ ।

सहकारी संघले जिल्लाका विभिन्न सहकारी संस्थालाई लगानी गरेको १५ करोड २ लाख ७० हजार रुपैयाँ जोखिममा परेको हो । जिल्लाका विभिन्न १५ वटा सहकारी संस्थाले संघबाट लिएको ऋण नतिरेका हुन् । जिल्ला सहकारी संघको २८ औ वार्षिक साधारण सभामा प्रस्तुत लेखा प्रतिवेदनअनुसार ती सहकारीहरुले लिएको ऋणको गत असार मसान्तसम्म भाखा नाघेको सावाँ १० करोड ५५ हजार ५३० रुपैयाँ पुगेको छ ।

यसरी कर्जा चलाएर सावाँ र व्याज नतिर्ने सहकारी संस्थाको सूचीमा पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्था सबैभन्दा पहिलो नम्बरमा छ । कमल गाउँपालिकामा मुख्य कार्यालय रहेको पूर्व नेपाल सहकारी संस्थाले लगेको ६ करोड रकमको सावाँ र व्याज भुक्तानी नगरेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै जय नेपाल बचत तथा ऋण सहकारी संस्था बिर्तामोडले दुई करोड २७ लाख रुपैयाँको सावाँ र व्याज तिरेको छैन । त्यस्तै गरामनी कृषि सहकारी संस्था बिर्तामोडको दुई करोड, पहिलो पाइला बहुउद्देशीय सहकारी संस्था बिर्तामोडको ९० लाख, समाजसेवी बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोडको ८० लाख, सतासी महिला मौरीपालन सहकारी संस्था शिवसताक्षीको ७५ लाख, संयुक्त कलाकर्मी बचत तथा ऋण सहकारी संस्थाको ६० लाख, पूर्वार्ध कृषि


❖ बाँकी अन्तिम पृष्ठमा


# प्याब्सन झापाको अध्यक्षमा कार्की निर्वाचित

बिर्तामोड(प्रस)। निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल झापाको अध्यक्षमा छत्रबहादुर कार्की निर्वाचित भएका छन् । आइतवार भएको १४औं जिल्ला अधिवेशनबाट अध्यक्षमा कर्णाली एजुकेशन फाउण्डेशन बुद्धशान्तिका कार्की निर्वाचित भएका हुन् । उनले १७६ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्दी जनार्दन ढकालले १०८ मत प्राप्त गरेका थिए ।

त्यस्तै वरिष्ठ उपाध्यक्षमा बुद्धस्मृति एजुकेशन फाउण्डेशन बिर्तामोडका हरिकृष्ण (एचके) पाठक निर्वाचित भएका छन् । उनले १८९ मत प्राप्त गरेका थिए । उनका प्रतिद्वन्द्वी उत्तम खनालले ९५ मत प्राप्त गरेका थिए । उपाध्यक्षमा एम्स एकेडेमी अर्जुनधाराका टीआर गौतम १२२ मतसहित विजयी बनेका छन् । उनका प्रतिद्वन्द्वीहरु बदिराम राईले ९६ र भवानी पाठकले ६१ मत प्राप्त गरेको प्याब्सन झापाका सचिव त्रिलोचन गौतमले जानकारी दिए । सचिवमा दिपजन अंग्रेजी बोर्डिङ स्कुल बाह्रदशीका लक्ष्मीप्रसाद उप्रेती १६९ मत प्राप्त गरी विजयी बने । अर्को उम्मेदवार रुद्र सिटौलाले ११४ मत प्राप्त गरेका थिए ।कोषाध्यक्ष


❖ बाँकी अन्तिम पृष्ठमा


# बन्दुक र विष्फोटक पदार्थसहित पाँचजना पक्राउ



झापा(प्रस)। सुनसरीको धरानमा बन्दुक र विष्फोटक पदार्थसहित पाँचजना पक्राउ परेका छन् । शनिवार राति १०.३० बजे धरान वडा नं. १९ को हरियाली चारकोशे जंगलमा धरानबाट रासतालतर्फ जाँदै गरेको बा ४ च ४३३ नम्बरको कारलाई इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले शंका लागेर चेकजाँच गरेको थियो । त्यसक्रममा कारको दोस्रो सिटमुनि भरुवा बन्दुकसहित पाँच जना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा इटहरी १३ बस्ने ३५ वर्षीय ज्योतिष चौधरी (चालक),रामधुनी ७ बस्ने ३३ वर्षीय सन्जु राई , सोही ठाउँका ३१ वर्षीय विनयराज धामी ,२८ वर्षीय दिवस माझी र मोरङ सुन्दरहरैचा २ बस्ने ४१ वर्षीय मेहरमान भुजेल रहेका छन् ।

उनीहरुको साथबाट भरुवा बन्दुक थान -१, टोटा बन्दुकको गोली थान -२,बारुद भरिएको सानो बट्टा थान -२,प्लाष्टिकमा पोका बनाएको सानो पोका बारुद -१ पोका ,सानो सेतो बट्टामा रहेको बारुदको बट्टा थान -१,भरुवा बन्दुकमा लाग्ने फलामको गोली थान -३ र एक थान खुकुरी बरामद भएको धरान प्रहरीले जनाएको छ ।


## हार्दिक बधाई तथा शुभकामना

मिति २०८१ साल पौष २७ गते सम्पन्न श्री शताक्षीधाम धार्मिक तथा पर्यटन विकास समितिको निर्वाचनमा अध्यक्ष पदको उम्मेदवार म उदयप्रकाश राईलाई अमूल्य मतदान गर्नुहुने सम्पूर्ण आजीवन सदस्यज्यूहरू, विभिन्न राजनीतिक दलका नेतागणहरू, विद्यालय, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, निर्वाचन समिति साथै निर्वाचनमा खटिनु हुने अनन्य साथीहरुप्रति अनन्त आभार तथा धन्यवाद अर्पण गर्दछु ।

नयाँ नेतृत्व चयनका लागि सम्पन्न ऐतिहासिक निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा निर्वाचन संयोजकसहित अध्यक्ष पदमा निर्वाचित तुलाराम बोखिमलगायत सम्पूर्ण सदस्यज्यूहरूलाई बधाई दिंदै पूर्ण सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

बिनीत

उदयप्रकाश राई


# धुलावारी माविलाई बेलायतबाट ३१ थान कम्प्यूटर प्राप्त

• **लक्ष्मी उप्रेती**



धुलावारी । द गोर्खा मेमोरियल फण्ड बेलायतले झापाको मेचीनगर -१० स्थित धुलावारी माध्यमिक विद्यालयलाई नयाँ प्रविधिमैत्री कम्प्यूटर कक्षा हस्तान्तरण गरेको गरेको छ । द गोर्खा मेमोरियल फाउण्डेसन नेपालको संयोजनमा द गोर्खा मेमोरियल फाउण्डेसन बेलायतले ३२ लाख २० हजार रूपैयाँ मूल्य बराबरका ३१ वटा कम्प्युटर, टेबल र कार्पेट विछ्याइएको कम्प्यूटर कक्षा हस्तान्तरण गरेको हो ।

हस्तान्तरणलगत्तै आइतबार मेचीनगर नगरपालिकाका नगर प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेतीलगायतले उद्घाटन गरेका छन् । धुलाबारी माविमा तीन हजार पाँच सय ७३ विद्यार्थी अध्ययनरत छन् । नौ सयजना विद्यार्थी कम्प्युटर विषयका छन् ।

यसअघि द गोर्खा मेमोरियल फण्ड बेलायतले काँकरभिट्टा माध्यमिक विद्यालयलाई अम्वर–भक्ति कम्प्युटर प्रविधि शिक्षालयको स्थापना गरी २८ लाख रुपैयाँ मूल्य बराबरका ३१ थान डेक्सटप कम्प्युटर प्रदान गरेको थियो । काँकरभिट्टा माविमा २ वर्षसम्म प्राविधिक सहयोग उपलब्ध गराउने घोषणासहित आफ्ना दिवंगत बाबु आमाको स्मृतिमा अम्वर–भक्ति कम्प्युटर प्रविधि शिक्षालयको नामकरण गरिएको थियो ।

दुई वर्षको अनवरत क्रियाशीलताका कारण धुलावारी माविबाट एसएलसी उत्तीर्ण पूर्व विद्यार्थी द गोर्खा मेमोरियल फाउण्डेसन बेलायतका अध्यक्ष, फोक्सटन सिटीका पहिलो नेपाली पूर्व काउन्सिलर धनकिरण गुरूङको पहलमा ती सामग्री धुलावारी माविले प्राप्त गरेको हो । मेचीनगर नगरपालिकाका तर्फबाट १८ नोभेम्वर २००६ मा वेलायतको फोक्सटन सिटीलाई भगिनी सम्बन्ध स्थापनाका लागि अनुरोध गरिएको थियो । नेपालको अनुरोधलाई स्वीकार्दै ११ अप्रिल र २३ सेप्टेम्वर २००८ मा मेचीनगर नगरपालिकालाई भगिनी सम्बन्धका लागि दोहोरो पत्राचार भएको थियो । तत्कालीन स्थानीय विकास मन्त्रालयबाट २०६४ साल कात्तिक २१ गते भगिनी सम्बन्धका लागि स्वीकृति प्राप्त भएको थियो । कार्यक्रमका प्रमुख अतिथि रहेका नगर प्रमुख बुढाथोकीले द गोर्खा मेमोरियल फण्ड बेलायतले प्रविधियुक्त दक्ष जनशक्ति उत्पादन गर्ने उद्धेश्यले धुलावारी माविलाई हस्तान्तरण गरेको उक्त कार्यको प्रशंसा गरे ।

विशिष्ट अतिथि उपप्रमुख मीना पोखेल उप्रेती बेलायतले यसभन्दा अघि निकै सहयोग गरेको स्मरण गरिन् ।


गोर्खा मेमोरियल फण्ड युकेका संस्थापक अध्यक्ष धनकिरण गुरूङले पढेर निकै ज्ञान आर्जन गरेर आफू यहाँसम्म पुगेको बताउँदैं आफूले पढेको विद्यालयलाई सहयोग गर्न पाउँदा निकै खुशी लागेको धारणा राखे । दुई वर्षअघिको सपना आज पुरा भएको उनको भनाई छ ।

कार्यक्रममा प्रोजेक्ट कोर्डिनेटर ट्रस्टी रे जोन्सनले आफू अहिलेसम्म दुई पटक नेपाल आएको बताउँदैं सामाजिक सेवाका लागि कुनै पर्खाल र सीमाले नछेक्ने धारणा राखे । कार्यक्रममा गोर्खा मेमोरियल फाउण्डेशन नेपालका अध्यक्ष गंगालाल गुरुङलगायतले बोलेका थिए भने प्रधानाध्यापक महेन्द्रविलास लुइँटेलले धन्यवाद ज्ञापन गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेशविक्रम नेम्वाङको सभापतित्वमा भएको कार्यक्रमको औचित्यमाथि विद्यालयका सहायक प्रधानाध्यापक तेजप्रकाश चौलागाईंले प्रकाश पारेका थिए । शिक्षक रमेश दाहालले कार्यक्रम सञ्चालन गरेको कार्यक्रममा विद्यार्थी इमिशा फियाक्ले शब्दमार्फत स्वागत गरेकी थिइन् । उद्घाटन तथा हस्तान्तरण कार्यक्रममा विद्यार्थीहरूले स्वागत नृत्य, देवकी राजवंशीले आफ्नो जातीय कला, संस्कृति र भेषभुषा झल्किने राजवंशी नृत्य तथा अन्य विद्यार्थीले साकेला नृत्य प्रस्तुत गरेका थिए ।


## प्राणघातक स्तन क्यान्सरबाट बचौं
## स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरून्तै चिकित्सकसंग परामर्श गरौं




झापा गाउँपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

# त्रिविमा साढे ८ सय कर्मचारीको पदपूर्ति रोकियो



झापा(प्रस)। त्रिभुवन विश्वविद्यालयमा कार्यालय सहायक (खरिदार) देखि प्रशासक (सचिव) स्तरका साढे ८ सय कर्मचारी पदपूर्ति प्रक्रिया डेढ महिनादेखि सेवा आयोगमा रोकिएको छ। त्रिवि कार्यकारी परिषद्ले ५ सय कर्मचारी खुला प्रतिस्पर्धा र ३ सय ५३ जना आन्तरिक प्रतिस्पर्धा तथा बढुवा प्रक्रियाबाट नियुक्त गर्न आयोगलाई सिफारिस गरेको थियो । गत मंसिर १८ मा सिफारिस गरे पनि केही कर्मचारीको दबाबमा डेढ महिनादेखि विज्ञापन प्रकाशन रोकिएको हो ।

विश्वविद्यालयलाई आवश्यक कर्मचारी उपकुलपतिले अध्यक्षता गर्ने परिषद्ले पद र संख्या खुलाई माग गर्ने व्यवस्था छ। मागबमोजिम आयोगले विज्ञापन आह्वान गरी परीक्षाबाट पदपूर्ति गर्छ। तर, बढुवाका दाबेदार केही उच्च तहका कर्मचारीले रिक्त दरबन्दी लुकाएर सीमित संख्यामा मात्रै पदपूर्ति गर्न लागिएको भन्दै विज्ञापन सार्वजनिक नगर्न दबाब दिएको त्रिवि स्रोतले बतायो। त्रिवि कर्मचारी संघले समेत रिक्त सबै दरबन्दीमा बढुवा र आन्तरिक प्रतिस्पर्धाबाट पदपूर्ति गर्न दबाब दिँदै आएको छ ।

परिषद्को सिफारिसअनुसार सेवा आयोगले विज्ञापन खोल्ने तयारी गरेको जानकारी पाएको त्रिविका रजिस्ट्रार केदार रिजालले बताए। ‘कर्मचारी अभाव छ,’ उनले भने, ‘त्यसलाई बुझेर सेवा आयोगले छिट्टै विज्ञापन आह्वान गरी कर्मचारी पदपूर्ति गर्नेमा आशावादी छौं ।’

त्रिविमा ३५ प्रतिशतभन्दा बढी शिक्षक, कर्मचारीको दरबन्दी रिक्त रहेको तथ्यांक छ। नियमित विज्ञापन प्रकाशन र परीक्षा सञ्चालन गरी पदपूर्ति गर्न आयोग असमर्थ हुँदै आएको छ। स्थायी प्रकृतिका शिक्षक, कर्मचारी नियुक्ति नियमित नहुँदा अभाव टार्न आंशिक, करार र ज्यालादारीमा नियुक्त गर्ने प्रवृत्ति बढ्दो छ ।

आयोगले डेढ महिनासम्म विज्ञापन नगरेकोमा त्रिवि उपकुलपति केशरजंग बराल, रेक्टर खड्ग केसी र रजिस्ट्रार रिजाललगायत पदाधिकारी रुष्ट बनेको स्रोतले जनायो। बढुवा दाबेदार कर्मचारीले निश्चित पदमा मात्रै विज्ञापन सार्वजनिक गर्ने तयारी गरेपछि अदालत जाने भन्दै धम्की दिएको सेवा आयोगका एक कर्मचारीले बताए। दबाब र धम्कीको कारण आयोगका अध्यक्ष घनश्याम भट्टराईले विज्ञापन खुलाउने निर्णय गर्न नसकेको उनको भनाई छ ।

# वन कार्यालयमै कुहिँदै सात करोडको काठ

झापा(प्रस)। धरान उपमहानगरपालिका-८ तीनकुनेमा रहेको सबडिभिजन वन कार्यालय पाँचकन्या र विष्णुपादुका सबडिभिजन वन कार्यालयमा राखिएको काठ कुहिन थालेको छ ।

लामो समयसम्म ठेक्का लाग्न नसक्दा भण्डारण गरिएको १५ हजार क्युफिट काठ वन कार्यालयमै कुहिएर काम नलाग्ने भएको सबडिभिजन वन कार्यालय पाँचकन्याका प्रमुख महेशकुमार साहले जानकारी दिए । दुई दशकदेखिको काठ यहाँ रहेको छ। विशेषगरी मुद्दाको काठ वर्षौंदेखि थन्किएको छ ।

‘ठेक्का नलाग्दा रु सात करोड बराबरको काठ त्यत्तिकै थन्किएर वन कार्यालयमै कुहिन थालेको छ,’ प्रमुख साहले भने । अहिले ‘ए ग्रेड’को प्रतिक्युफिट काठ रु एक हजार दुई सय, ‘बी ग्रेड’को रु नौ सय र ‘सी ग्रेड’को रु छ सय ५० मा बिक्री हुँदैआएको छ । नेपाल वन पैदावर उद्योग व्यवसायी सङ्घका अध्यक्ष डिकबहादुर भुजेलले झन्झटिला नीति-नियमका कारण काठ त्यसै खेर गइरहेको बताए ।

नेपाली काठ उत्पादन प्रशस्त भए पनि सरकारको नीति र कर्मचारीले नै विभिन्न झमेला गरिदिंदा काठ त्यत्तिकै खेर जाने गरेको उनको भनाइ छ । जिल्ला वन कार्यालयका अनुसार यहाँ आर्थिक वर्ष २०८०/८१ मा ६४ हजार पाँच सय क्युफिट काठ थन्किएको छ । चालु आव २०८१/८२ को हालसम्ममा २५ हजार चार सय क्युफिट काठ नयाँ थपिएको छ ।

# महिला संघको सदस्यता नवीकरण र नयाँ वितरण माघ २० सम्म

बिर्तामोड(प्रस)। लामो समयदेखि स्थगित रहेको नेपाल महिला संघको निर्वाचन आगामी चैत मसान्तसम्ममा सक्ने नेपाली कांग्रेस केन्द्रीय समितिको निर्णय बमोजिम झापामा क्रियाशील सदस्यता नवीकरण एवं



नयाँ वितरण कार्य आगामी माघ २० गतेसम्ममा गरिसक्ने निर्णय भएको छ ।

नेपाल महिला संघ झापाका अध्यक्ष टिका सिटौला मैनालीको अध्यक्षता र पार्टीका केन्द्रीय सदस्यद्वय सुशिला ढकाल आचार्य, गोमा भट्टराई, नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, महिला संघ केन्द्रीय सदस्य राधा कार्कीको विशेष आतिथ्यमा सम्पन्न भेलाले आगामी माघ २० गतेसम्ममा क्रियाशील नवीकरण र नयाँ वितरण कार्य सम्पन्न गर्ने निर्णय गरेको हो ।

महिला संघ झापाका पदाधिकारी, सदस्य, क्षेत्रीय अध्यक्षहरु, गाउँ/नगर अध्यक्षहरु सहभागी भेलालाई सम्बोधन गर्दै महिला संघका निवर्तमान केन्द्रीय सदस्य एवं निवर्तमान झापा अध्यक्ष सुशिला ढकाल आचार्यले भ्रातृ संघ संस्थाहरु बलियो र सक्रिय भएमात्रै पार्टी बलियो हुने बताउँदै महिला संघलाई सशक्त बनाउन आग्रह गरिन् ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य गोमा भट्टराईले राजनीति एवं हरेक क्षेत्रमा महिलाहरुलाई अवसर दिएर सशक्त बनाउन आग्रह गरिन् ।

कार्यक्रमका विशेष अतिथि नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले क्रियाशील सदस्यता नवीकरण सतप्रतिशत नहुने बताउँदै सम्भव भएसम्म धेरैको नवीकरण गर्न र नयाँ सदस्यता बढाएर संगठनलाई मजबुद बनाउन महिला नेतृहरुलाई आग्रह गरे ।

नेपाल महिला संघ केन्द्रीय सदस्य राधा कार्कीले टोल र वडाकेन्द्रित कार्यक्रम गरेर महिलाहरुलाई राजनीतिप्रति आकर्षित गर्नुपर्ने बताइन् ।

भेलामा महिला संघ अर्जुनधारा नगर समितिका कार्यवाहक अध्यक्ष प्रभा नेपाल, हल्दिवारी गाउँ समिति अध्यक्ष प्रतिमा भुजेल, कचनकवल गाउँ समिति अध्यक्ष शेलेतुन खातुन, शिवसताक्षी नगर अध्यक्ष लोचना लावती, १ नम्बर क्षेत्रीय अध्यक्ष रचना घिमिरे, २ नम्बर क्षेत्रीय अध्यक्ष मनु विश्वकर्मा, ३ नम्बर क्षेत्रीय अध्यक्ष उर्मिला गौतमलगायतले विभिन्न जिज्ञासा राखेका थिए । भेलाको सहजीकरण महिला संघ झापाका सचिव उर्मिला ढकाल पोखरेलले गरेकी थिइन् । लामो समयदेखि स्थगित रहेको महिला संघको महाधिवेशन आगामी चैत मसान्तसम्ममा सक्ने नेपाली कांग्रेस केन्द्रीय समितिको यसअघिको बैठकले गरिसकेको छ । निर्वाचन सम्पन्न गर्नका लागि प्रकाशशरण महतको संयोजकत्वमा केन्द्रीय निर्देशन समिति समेत बनेको छ । निर्देशन समिति र महिला संघ केन्द्रीय समितिको पुष २२ गते सम्पन्न संयुक्त बैठकले यथाशिघ्र क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरण कार्य सम्पन्न गर्न नेपाल महिला संघका सबै जिल्ला समितिहरुलाई निर्देशन गरिसकेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

# भद्रपुरमा भाक्का पीठ उत्सव

झापा(प्रस)। राष्ट्रिय भाक्का दिवसको अवसरमा भद्रपुरमा आइतवार भाक्का पीठ उत्सव मनाइएको छ । उत्सवमा सहभागी हुँदै सयौले भाक्का , पीठ, पेल्का, फोद्गो, सुकाती, खारी , सिदललगायतका मौलिक परिकारहरुको स्वाद लिएका छन् । ३०० केजी पिठोको भाक्का बनाएर सहभागीहरुलाई खुवाइएको आयोजक राजवंशी समाज विकास समिति झापाका अध्यक्ष उत्तम राजवंशीले बताए । उनका अनुसार २५ जना महिलाले सामूहिकरुपमा भाक्का बनाएका थिए ।

उत्सवमा झापाका १५ पालिकासहित भारत पश्चिम बङ्गालको सिलिगुडी, दार्जिलिङ, आसामका जातीय सांस्कृतिक कलाकार टोलीको सहभागिता रहेको थियो । उत्सव सम्पन्न गर्न करीव चार लाख बढी खर्च हुने अध्यक्ष राजवंशीले जानकारी दिए । पूर्व मुख्यमन्त्री तथा नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापाले उद्घाटन गरेको कार्यक्रममा राष्ट्रिय कलाकार टंक बुढाथोकी, स्थानीयसहित कलाकारहरुको बजोड प्रस्तुती रहेको थियो ।

पूर्वी तराईका राजवंशी, ताजपुरिया,गनगाईलगायतका आदिवासी जातिको मौलिक परिकार भाक्कालाई प्रवर्द्धन गर्नका लागि शुरु गरिएको भाक्का दिवसका अवसरमा विभिन्न ठाउँमा कार्यक्रम आयोजना गरिएको छ ।

# रास्वपा सभापति रवि लामिछाने न्यायिक हिरासतमा

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई काठमाडौं जिल्ला अदालतले न्यायिक हिरासतमा पठाएको छ । काठमाडौं जिल्ला अदालतमा लामिछानेको बयान सकिए पनि थुनछेक बहस नभएकाले न्यायिक हिरासतमा पठाइएको हो ।

काठमाडौं जिल्ला न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले लामिछानेलाई न्यायिक हिरासतमा पठाएको हो ।



काठमाडौं जिल्ला अदालतका श्रेस्तेदार रामु शर्माले थुनछेक बहसको अन्तिम आदेश नआएसम्म न्यायिक हिरासतमा पठाइएको जानकारी दिए । ‘उहाँलाई न्यायिक हिरासतमा पठाइएको हो । बयान सम्पन्न भए पनि थुनछेक बहस भएर अन्तिम आदेश नआएकाले न्यायिक हिरासतमा पठाइएको हो । सोमबारदेखि थुनछेक बहस हुन्छ,’ शर्माले भने ।

लामिछानेका तर्फबाट कानुन व्यवसायी यज्ञमणि न्यौपानेले थुनछेक बहस गर्नका लागि आग्रह गरिए पनि न्यायाधीशबाट समय अभावका कारण सम्भव नभएको भनी न्यायिक हिरासतमा पठाइएको जानकारी दिए । ‘इजलासमा बयान सकियो ।२०-२५मिनेट समय बाँकी थियो । लामिछानेका तर्फबाट थुनछेक बहस गरौं भन्ने प्रस्ताव गऱ्यौं तर सरकारी वकिलले अध्ययन गर्नुपर्नेछ भन्नुभयो । न्यायाधीशले पनि आज समय पुगेन भन्ने कुरा गर्नुभयो र प्रहरीको जिम्मा लगाउनुभयो,’ न्यौपानेले भने, ’कानुन व्यवसायी वा परिवारको जिम्मा लगाइदिनुस् भन्दा न्यायाधीशले मान्नुभएन र प्रहरीको जिम्मा न्यायिक हिरासतमा पठाउनुभयो । अब भोलि थुनछेक बहस हुन्छ ।’लामिछानेविरुद्ध काठमाडौं कालिमाटीको स्वर्णलक्ष्मी सहकारी ठगीमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भएको छ । उनी आइतबार बिहान अदालतमा उपस्थित भएका हुन् । पोखराकोसूर्यदर्शन सहकारीको बचत रकम ठगी मुद्दामा बिहीबार कास्की जिल्ला अदालतबाट धरौटीमा छुटेका लामिछाने शुक्रबार काठमाडौँ आएर प्रहरीको सम्पर्कमा थिए ।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा कास्की जिल्ला अदालतले उनलाई ६५ लाख धरौटीमा रिहा गर्न आदेश दिएको थियो । अदालतको आदेशसँगै उनी ८४ दिनपछि हिरासतमुक्त भएका थिए ।

लामिछानेविरुद्ध रुपन्देहीको सुप्रिम सहकारी, चितवनको साहारा चितवन र पर्साको सानो पाइला सहकारीमा पनि ठगी आरोपमा मुद्दा दर्ताको तयारी भइरहेको छ ।

# स्वास्थ्य बिमा ऐन संशोधन



झापा(प्रस)। सरकारले स्वास्थ्य बिमा ऐन २०७४ संशोधन गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद बैठकले स्वास्थ्य बिमा ऐन २०७४ संशोधन गरी बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन खोजेको हो।

एक मन्त्रीले दिएको जानकारीअनुसार स्वास्थ्य बिमा ऐन संशोधन गरी स्थानीय तहमा कम्तिमा एक वटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने व्यवस्था मिलाइएको छ। ‘स्वास्थ्य बिमा ऐन २०७४ मा संशोधन गरी स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रथम सेवा विन्दुको प्रयोजनका लागि प्रत्येक स्थानीय तहमा कम्तिमा एक वटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने गरी बोर्डले सम्झौता गर्ने व्यवस्था मिलाउने’ मन्त्रिपरिषदको निर्णय छ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यमान ऐनमा नै परिवर्तन गर्नुपर्ने कुरा बताउँदै आएका थिए।

**प्याब्सन..**

पदमा सगरमाथा इङ्गलिस बोर्डिङ स्कुल शिवसताक्षीका अमृतकुमार तिम्सिना निर्वाचित भए । उनले १४९ मत प्राप्त गर्दा उनका प्रतिद्वन्द्वी जनार्दन मैनालीले १३६ मत प्राप्त गरेका थिए ।

सहसचिवद्वयमा प्रजिता एजुकेशन एकाडेमी दमकका जीवन शिवाकोटी १७० र बेनुबाजा इङ्गलिस बोर्डिङ स्कुल कनकाईका विनोद सुब्बा १६८ मतसहित विजयी बने भने डम्बर रुचालले १३२ मतमात्र प्राप्त गरे ।

सहकोषाध्यक्षमा साउथ होराइजन इङ्गलिस स्कुल झापाका नारायण सुवेदी निर्विरोध निर्वाचित बनेका छन् । सदस्यहरुमा सुमन शर्मा जमरकट्टेल, दशरथ (देवेन्द्र) हुमागाई, कुलबहादुर श्रेष्ठ, कुमार राया, मोहन थापा, कल्पना थापा र प्रेमकुमार ओझा निर्विरोध चयन भएका छन् ।

सदस्य पालिकाबाट १५ पद संख्यामध्ये गणेशकुमार श्रेष्ठ, सूर्यबहादुर कटुवाल, युवराज बराल, गोपाल ढुंगेल, भोजबहादुर कार्की, सन्तोष सुब्बा, दिपेन्द्र सुब्बा र अनुप राय चयन भएका छन् ।

त्यस्तै अधिवेशनले १३ जना महाधिवेशन प्रतिनिधिमध्ये पाँच जना चयन गरेको छ । इश्वरी श्रेष्ठ, डिल्लीप्रसाद चापागाई, श्रवण पोखरेल, चन्द्रप्रकाश राई र गीताराज खड्का (हरि) महाधिवेशन प्रतिनिधिमा चयन भएको निर्वाचन समिति संयोजक अमृतबहादुर बुढाथोकीले जानकारी दिए । ३०९ जना मतदातामध्ये निर्वाचनमा २८९ मत खसेको थियो ।

**सहकारी...**

सहकारी संस्था अर्जुनधाराको ५० लाख, मयुर बचत तथा ऋण सहकारी संस्था बिर्तामोडको ३० लाख, श्री सहकारी संस्था राजगढको ३० लाख, देउराली बचत तथा ऋण सहकारी संस्था बिर्तामोडको ३० लाख, साइनो बचत तथा ऋण सहकारी संस्था शिवसताक्षीको २० लाख, सृजनशील बचत तथा ऋण सहकारी संस्था बिर्तामोडको १५ लाख, उत्कृष्ट कृषि सहकारी संस्था हल्दिवारीको १० लाख र जनएकता कृषि सहकारी संस्था कमलको १० लाख रुपैयाँको भाका नाघेको छ ।

संघले लगानी गरेका कर्जामध्ये किस्ता अनियमित भएका, भाखा नाघेका र व्याज पनि प्राप्त नभएका कारण कर्जाको अबस्था गंभीर रहेको जिल्ला सहकारी संघका लेखा परीक्षण समितिका संयोजक चुडामणि ओझाले बताए । लगानी गरेको रकम सहकारीहरुले नतिरेपछि ६ वटा सहकारीमाथि संघले मुद्धा नै दायर गर्नुपरेको छ ।

तीमध्ये दुईवटाले ऋण तिरेका छन् भने चारवटाले तिरिसकेका छैनन् । पूर्वार्ध कृषि सहकारी संस्था अर्जुनधारा , जनएकता कृषि सहकारी संस्था कमल , साइनो बचत तथा ऋण सहकारी संस्था शिवसताक्षी र पहिलो पाइला बहुउद्देश्यीय सरकारी संस्था भद्रपुरमाथि संघले मुद्धा दायर गरेकोमा पूर्वार्ध , जनएकता र साइनोसंगको मुद्धामा संघको पक्षमा फैसला भएको र पहिलो पाइलासंगको मुद्धा चलिरहेको लेखा संयोजक ओझाले जानकारी दिएका छन् ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# राष्ट्र निर्माता

पृथ्वीनारायण शाह नेपाल राष्ट्रको निर्माता र राष्ट्रिय एकताका प्रतिक हुन्। उनले टुक्रिएर रहेका स–साना राज्यहरूलाई एकीकरणको अभियानद्वारा नेपाल राष्ट्र निर्माण गरे, त्यसको सबै नेपालीले अति श्रद्धा र सम्मानका साथ नमन गर्नै पर्छ। राष्ट्र निर्माण गर्ने कार्य निश्चय नै सहज थिएन। युवराजाधिराज हुँदादेखि नै पृथ्वीनारायणले राज्यविस्तार गर्ने क्रममा नेपालका स–साना राज्यका राजाहरूको अस्पष्ट नीति, परस्परमा वैरभावको सामना गर्नु परेको थियो। यस्तो बेलाको मौका छोपेर ब्रिटिस शासकले नेपाललाई आफ्नै अधिनमा राख्ने जमर्को गरेको बुझ्ो। त्यसबाट जोगिन नेपालभित्र रहेका ससाना बाइसे चौबिसे राज्यलाई एक ढिक्का बनाउन एकीकरणको अभियान सुरु गर्ने भावना उनीभित्र विकसित भयो।

पृथ्वीनारायण गोरखा राज्यको राज्यारोहण गर्दाको बेला गोरखा राज्य एक निर्धन र कम शक्तिशाली राज्य थियो। त्यस समय कतिपय पूर्वका सेन राज्यहरू, पश्चिमका बाइसे चौबिसे राज्यहरू र उपत्यकाका मल्ल राज्यहरू आन्तरिक छलकपट र कलहमा अल्झिएका थिए। राष्ट्रिय एकीकरणको सोच उनीहरूमा थिएन। गोरखा राज्य अरू राज्यभन्दा निर्धन भएकाले उसलाई बाहय आक्रमणबाट सदैव त्रास थियो। एकीकरणको अभियानलाई सफलिभूत पार्न त्यसबेलाको नेपाल उपत्यकामाथि जसरी भए पनि विजय हासिल गर्नुपर्छ भन्ने दूरगामी सोच उनमा थियो। त्यसैले अभियानलाई सशक्त रूपमा अघि बढाए।

नेपाल राष्ट्रको निर्माणको जग बसाउन पृथ्वीनारायणले विजय कार्यबाहेक अरू प्रशस्त कार्यहरू गरेका थिए। लडाइँ गरेर राज्य विस्तार गर्ने लक्ष्यमात्र उनको थिएन। जुन कुरा उनले विजय कार्यपछि अपनाएका नीतिहरूबाट स्पष्ट हुन्छ।

वास्तवमा उनले अपनाएका परराष्ट्र, गृह, उद्योग एवं सांस्कृतिक नीतिहरूको धरातलमा उठेर नै वर्तमान नेपाल राष्ट्रको निर्माण हुन सकेको हो। उनले जहाँ–जहाँ विजय प्राप्त गरे, त्यस–त्यस ठाउँको संस्कृति, कला र साहित्यलाई संरक्षण प्रदान गर्न र अपनाउन जुन उदारता उनले देखाए, त्यही कारणले नै वर्तमान नेपाल राष्ट्र अस्तित्वमा आउन सकेको हो।

अन्य राज्यमाथि युद्ध गरी विजय प्राप्त गर्ने, गोरखा राज्यमा गाभ्ने र गोरखालाई नै राजधानी केन्द्र बनाएको भए अन्य राज्यहरू र काठमाडौं उपत्यकाको संस्कृति, कला र साहित्यप्रति उदासीनता देखाउने जस्ता कार्यहरू गरेका भए के हुन्थ्यो होला ? वा, ती राज्यहरूका सम्पत्ति लुटेर लगेका भए निश्चय नै पृथ्वीनारायण राष्ट्र निर्माता नभए 'विस्तारवादी' राजा कहलिन्थे। तर, त्यसो नगरेर व्यापक दृष्टिकोण राखी उदार नीति र सहिष्णुताको धरातलमा टेकेर उनले राज्यहरूको एकीकरण गरे। त्यही कारणबाट उनी राष्ट्र निर्माता र राष्ट्रिय एकताको प्रतीक बन्न सकेका हुन्।


Pratidin National Daily प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
• लीलाराज दाहाल
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# विपतपछिको पुनर्निर्माणमा विलम्ब



• रामबहादुर केसी

विपत् प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपजन्य घटना हो, जसले दैनिक जनजीवन छिन्नभिन्न हुने अवस्था सिर्जना गर्छ, ठुलो धनजनको क्षति गराउँछ । नेपाल बहुप्रकोपको दृष्टिकोणबाट अति संवेदनशील विपत् जोखिम क्षेत्रका रूपमा रहेको छ । नेपाल विश्वमा भूकम्पबाट ११ औँ अति जोखिम, बाढी र पहिरोबाट ३० औँ अति जोखिम, जलवायु परिवर्तनबाट चौथो अति जोखिम र बहुप्रकोपबाट २० औँ अति जोखिम रहेको मुलुक हो । वार्षिक विपत्जन्य घटनाको कारण नेपालको कुल गार्हस्थ्य उत्पादन २.५ प्रतिशतसम्म नोक्सान हुने गरेको छ । नेपालमा विपत्जन्य घटनामा परी वार्षिक प्रतिलाखमा १.७ जना व्यक्तिको मृत्यु हुने गरेको छ भने प्रतिहजार घरपरिवारमा १७.१ घरपरिवार विपत्जन्य घटनाबाट प्रभावित हुने गरेको तथ्याङ्क छ ।

संविधानमा राज्यका नीतिअन्तर्गत प्राकृतिक स्रोतसाधनको संरक्षण, संवर्धन र उपयोगसम्बन्धी नीतिमा जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने, प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

१६ औँ आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को समष्टिगत रणनीतिमा विकासका सबै क्षेत्र र आयाममा विपत् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने रणनीति उल्लेख गरिएको छ । संरचनागत रूपान्तरणका प्रमुख क्षेत्रमा जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रसहित विपत् उत्थानशीलताको विषय समेटिएका छन् । विपत् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, नीति, नीति कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था गर्दै सोको कार्यान्वयनका लागि विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था गरेबमोजिम आवश्यक संरचना निर्माण गर्ने उल्लेख छ ।

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपत् व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, परिषद्बाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने कामसमेतका लागि माननीय गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति छ । आवश्यकता अनुसार विशेषज्ञ समिति, विपत् व्यवस्थापनसम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपत् व्यवस्थापन समिति, जिल्ला विपत् व्यवस्थापन समिति, स्थानीय विपत् व्यवस्थापन समितिलगायतका संयन्त्रको व्यवस्था गरिएको छ । विपत् व्यवस्थापनका लागि केन्द्रीय विपत् व्यवस्थापन कोष, प्रदेश विपत् व्यवस्थापन कोष र स्थानीय विपत् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ । यो ऐन कार्यान्वयन गर्न विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को व्यवस्था रहेको छ भने दर्जनौँ कार्यविधि, मापदण्ड एवं कार्ययोजना समेत व्यवस्था गरिएका छन् ।

२०७९ कात्तिक २३ गते बिहान डोटीको पूर्वीचौकी-३ को गैरागाउँ केन्द्रविन्दु बनाएर गएको ६.६ रेक्टर स्केलको भूकम्पमा परी छ जनाको मृत्यु र आठ जना घाइते भए । २०८० असोज १६ गते दिउँसो बझाङको चैनपुर केन्द्रविन्दु भएर गएको ६.३ रेक्टर स्केलको भूकम्पमा परी एक जनाको मृत्यु र १२ जना घाइते भए । २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ रेक्टर स्केलको भूकम्पमा परी १५४ जनाको मृत्यु भयो । २०८१ सालको मनसुनजन्य विपत्मा परी ४९५ जनाको मृत्यु र ६६ जना बेपत्ता भएका थिए भने करिब एक लाख १५ हजार निजी आवास क्षतिग्रस्त भएका थिए ।

माथि उल्लिखित विपत्जन्य घटनाका पीडितलाई अस्थायी आवास निर्माणका लागि अधिकांश पालिकामा पहिलो किस्ता र आंशिक पालिकामा दोस्रो किस्ताको रकम पठाउनेबाहेक विपत्पछिको पुनर्निर्माण र पुनर्स्थापनाको कार्यले अपेक्षित गति लिन सकेको छैन । देश संघीय संरचनामा रूपान्तरित भइसकेको सन्दर्भमा अहिले पनि केन्द्रीकृत सोच र प्रवृत्तिमा काम गर्न खोज्नु, आफूले पनि काम नगर्ने, अरूले गरेको काममा पनि विश्वास नगर्ने संस्कार हाबी हुनु, विगतका विपत्जन्य घटनाबाट पाठ सिकी पूर्व अग्रसरताका साथ काम गर्नुपर्नेमा प्रतिक्रियात्मक तरिकाले काम गर्ने पुरानै प्रवृत्तिमा सुधार हुन सकेको छैन ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पुनर्निर्माणका लागि विपत् समर्पित जनशक्ति नहुनु वा भएको जनशक्ति पनि परिचालन गर्न नसक्नु, लगानी, पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिले सुसज्जित स्वायत्त निकायका रूपमा विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण रूपान्तरित हुन सकिरहेको छैन । वास्तविक क्षति र लाभग्राही नै पहिचान हुन नसक्नु, पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि आवश्यक बजेट व्यवस्थापनमा विलम्ब हुनुलगायतका कारण विपत्पश्चात्को पुनर्निर्माण र पुनर्स्थापनाले गति लिन सकेन । राष्ट्रिय विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट कार्यकारी परिषद् मा प्रस्तावित पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपत्पश्चात्को पुनर्लाभ योजना, २०८१/८२-२०८३/८४ मा उल्लेख भए अनुसार भूकम्प र २०८१ सालको मनसुनजन्य विपत्बाट भएको क्षतिको पुनर्निर्माण एवं पुनर्स्थापना गर्न करिब ९८ अर्ब ६५ करोड बजेट आवश्यक पर्ने अनुमान गरिएकोमा क्षतिग्रस्त करिब एक लाख १५ हजार निजी आवास प्रबलीकरण एवं पुनर्निर्माणका लागि करिब ३९ अर्ब ५७ करोड लाग्ने देखिएको छ ।

पुनर्निर्माणका लागि निजी आवासबाहेक सडक पुल तथा यातायात, सरकारी भवन तथा सहरी पूर्वाधार, ऊर्जा, जलस्रोत तथा सिँचाइ, शिक्षा, कृषि तथा पशुपालन, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छता, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदा, रोजगारी तथा जीविकोपार्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक संरक्षण जस्ता पुनर्लाभका क्षेत्र पहिचान गरिएका छन् । निजी आवास पुनर्लाभका कार्य प्राधिकरणको नेतृत्वमा स्थानीय तहमार्फत कार्यान्वयन गरिने र अन्य पुनर्लाभका क्षेत्रहरूमा उल्लिखित क्रियाकलापको कार्यान्वयन संविधानमा उल्लेखित कार्यक्षेत्र अनुसार तत् तत् निकाय (संघीय सरकारका मन्त्रालय/विभाग/कार्यालय, प्रदेश सरकार, स्थानीय सरकार) बाट हुने व्यवस्था गरिएको छ ।

हालै नेपाल सरकार मन्त्रीपरिषद्बाट पारित विपत् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ मा सबै प्रकारका सहायता स्थानीय विपत् व्यवस्थापन कोषमार्फत परिचालन गर्ने उल्लेख छ । स्थानीय तहले कुनै पनि विपत्पश्चात् स्थानीय विपत व्यवस्थापन समितिको निर्णयका आधारमा विपत्को घटना भएको ३० दिनभित्र विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा गरिसक्नुपर्ने र उक्त कार्य स्थानीय तहले स्थानीय संघ संस्था वा करार सेवाबाट सम्पादन गराउन सक्ने एवं राष्ट्रिय विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राविधिक सहायता लिन सक्ने व्यवस्था गरेको छ ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिबाट मिति २०८१ पुस २१ मा पारित विपत् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ (पहिलो संशोधन, २०८१) मा विपत प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि देहायका प्रमुख व्यवस्था गरेको छ ।

प्रारम्भिक लेखाजोखा : स्थानीय तहले आफ्नो क्षेत्रभित्र विपत्बाट क्षति पुगेको निजी आवासको क्षति तथा नोक्सानीको प्रारम्भिक लेखाजोखा गर्ने ।

विपत् प्रभावित निजी आवासको विस्तृत क्षति आकलन : प्रारम्भिक लेखाजोखा तयार गरेपश्चात् विपत्बाट क्षति भएका निजी आवासको विस्तृत अध्ययन गर्नुपर्ने देखिएमा सम्बन्धित विषयका विज्ञ प्राविधिकबाट सम्बन्धित स्थानीय तहले विपत् प्रभावित निजी आवासको विस्तृत क्षति आकलन गर्नुपर्ने छ । ठुलो संख्यामा क्षति भई मूल्याङ्कन गर्नुपर्ने भएमा स्थानीय तहको अनुरोधमा प्रदेश सरकार वा प्राधिकरणबाट विस्तृत क्षति आकलन गर्नुपर्ने एवं प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापनासम्बन्धी कार्यक्रम सञ्चालन क्षतिको स्तरका आधारमा गर्नुपर्ने ।

लाभग्राही पहिचान र कायम : स्थानीय विपत् व्यवस्थापन समितिले तोकिएका आधारमा लाभग्राहीको पहिचान गरी सूचीसहितको विवरण एक परिवारबाट एकभन्दा बढी लाभग्राही नपर्ने गरी जिल्ला विपत् व्यवस्थापन समितिमा पठाउनु पर्ने छ । जिल्ला विपत् व्यवस्थापन समितिले प्राप्त विवरणको अध्ययन र विश्लेषण गरी प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापना गरी तीन भागमा वर्गीकरण गरी लाभग्राही कायम गर्ने छ । जिल्ला विपत् व्यवस्थापन समितिबाट कायम भएका लाभग्राहीको विवरण सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नुपर्ने ।

साझेदारीमा अनुदान उपलब्ध गराउने : भूकम्पपछिको प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापनाबाहेक अनुदान प्रयोजनका लागि आवश्यक वित्तीय प्रबन्ध नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ मा व्यवस्था भएबमोजिम तीनै तहका सरकारको लागत साझेदारीमा उपलब्ध गराइने ।

अनुदान सम्झौता : सम्बन्धित वडाध्यक्षले वडा कार्यालयमा प्रबलीकरणका, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि सूचीकृत लाभग्राहीसँग तोकिएको ढाँचामा अनुदान सम्झौता गरी प्राधिकरणले निर्माण गरेको सूचना प्रणालीमा अभिलेखीकरण गर्नुपर्ने । सम्झौताको आधारमा स्थानीय विपत् व्यवस्थापन समितिले पहिलो किस्ता बापतको रकम लाभग्राहीको खातामा निजले भुक्तानी पाउने गरी रकम निकासा गर्नुपर्ने ।

अनुदान रकम : निजी आवास प्रबलीकरणका लागि क्षतिको स्तर २ मा परेका लाभग्राहीलाई ५० हजार र क्षतिको स्तर ३ मा परेका लाभग्राहीलाई एक लाख दुई किस्तामा दिने । निजी आवास पुनर्निर्माण वा पुनर्स्थापनाका लाभग्राहीले 'क' समूहमा परेका जिल्लाका लागि ५ लाख, 'ख' समूहमा परेका जिल्लाका लागि चार लाख र 'ग' समूहमा परेका जिल्लाका लागि तीन लाख तीन किस्तामा विपत् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम बैङ्क तथा वित्तीय संस्थामार्फत प्राप्त गर्ने । स्थानीय तहले पहिचान गरेका अति विपन्न र सङ्कटासन्न (आफैँले आवास निर्माण गर्न नसक्ने) घरपरिवारलाई अनुदान रकममा ५० हजार थप गरी स्थानीय तहले प्रदान गर्न सक्ने ।

जोखिमयुक्त बस्ती स्थानान्तरण : लाभग्राहीको क्षतिग्रस्त निजी आवास रहेको बस्ती जोखिममा पर्न गएको कारणले बस्ती स्थानान्तरण गर्नुपर्ने भनी प्राविधिक अध्ययनबाट देखिएमा स्थानान्तरण गर्नका लागि उपयुक्त स्थानको विकल्पसहित थप भौगर्भिक अध्ययनका लागि स्थानीय तहबाट प्राधिकरणमा लेखी पठाउनुपर्ने । कार्यकारी समितिले जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्ने भनी निर्णय गरेको अवस्थामा उक्त बस्तीका पुनर्स्थापनाका लाभग्राही हुन योग्य घरपरिवारलाई पुनर्स्थापनाको लाभग्राहीमा सूचीकृत गरी सोहीबमोजिमको अनुदान उपलब्ध गराइने ।

दोहोरो अनुदान नपाउने : कुनै संघ संस्थाको सहयोगमा निजी आवास प्रबलीकरण वा पुनर्निर्माण वा पुनर्स्थापना गर्न अनुदान पाएको लाभग्राहीलाई निजी आवास अनुदान उपलब्ध नगराइने ।

असुलउपर गर्नुपर्ने : लाभान्वित हुन झुटा विवरण पेस गरेमा वा झुटा सिफारिस गरेको पाइएमा वा सम्झौताबमोजिम काम नगरेमा निजसँग निजी आवास अनुदान सम्झौता भइसकेको रहेछ भने त्यस्तो सम्झौता रद्द तथा अनुदान लिएको भए सो रकम सरकारी बाँकी सरह सम्बन्धित स्थानीय तहले असुलउपर गरी प्रचलित कानुनबमोजिम कारबाही हुने ।

समयमै कार्य सम्पन्न गर्नुपर्ने : लाभग्राहीले अनुदान सम्झौता गरेको मितिले सामान्यतया दुई वर्षभित्र सम्झौताबमोजिमको निर्माण कार्य सम्पन्न गर्नुपर्ने ।

पछिल्लो पटक राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा तयार भई राष्ट्रिय परिषद्मा पेस भएको पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपत्पश्चात्को पुनर्लाभ योजना, २०८१/८२-२०८३/८४ यथाशीघ्र पारित गरी पुनर्निर्माण र पुनर्स्थापनाको कार्यलाई तीव्रता दिनु आवश्यक छ । विपत् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ मा उल्लिखित प्रावधानको आधारमा प्राधिकरणको नेतृत्वमा सम्बन्धित गाउँ/नगरपालिकामा कार्यरत जनशक्तिको अधिकतम परिचालन गरी पुनर्निर्माण एवं पुनर्स्थापनाका बाँकी कार्य यथाशीघ्र सुरु गरी सम्पन्न गर्नु पर्छ ।

# विश्वविद्यालय सुधारका सूत्र



• टंक पराजुली

विश्वविद्यालयहरू शिक्षाको उच्च स्तरका संस्था हुन्, जसलाई ज्ञान उत्पादनको केन्द्र, आविष्कारको जननी, प्राज्ञिक कर्मथलो, आर्थिक विकासको कडी र सामाजिक न्यायको प्रतीकका रूपमा लिइन्छ । नेपालमा अधिकांश विश्वविद्यालयमा बृहत् सुधारको आवश्यकता छ । यी संस्थाहरू तीव्र रूपमा बदलिँदो समाज, नयाँ प्रविधि, र बदलिँदो श्रम बजारको माग अनुरूप सान्दर्भिक हुन सकिरहेका छैनन् । विश्वविद्यालयलाई वर्तमान समाजसापेक्षित र युगानुकूल बनाउनका लागि सुधारका केही महत्वपूर्ण सूत्रहरू प्रस्तुत गरिएको छ, जसले उच्च शैक्षणिक एवं प्राज्ञिक संस्थालाई विश्वसनीय, प्रतिस्पर्धी र प्रभावकारी बनाउन योगदान पुऱ्याउन सक्छ ।

**पाठ्यक्रम सुधार र अद्यावधिक**

पाठ्यक्रमको सुधार नै विश्वविद्यालय सुधारका लागि पहिलो कदम हो । समयसापेक्षित पाठ्यक्रम बनाउनु र समयको आवश्यकता अनुसार पाठ्यक्रमलाई अद्यावधिक गर्नु आवश्यक छ । पर्यटन, कृषि उद्योग, व्यवसाय र प्रविधिको नयाँ प्रवृत्ति र आयामलाई समेटेर विषयवस्तु तयार गरिनु पर्छ । यसले विद्यार्थीलाई सिर्जनशील, कर्मठ, उत्तरदायी, प्रतिस्पर्धी र व्यावहारिक बनाउँछ । वर्तमान शिक्षाको पाठ्यक्रम सक्षमतामा आधारित भएर पनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । आगामी दिनमा आउन सक्ने चुनौती सामना गर्ने गरी, नयाँ कुरा सिक्ने र आफूलाई चिन्नेतर्फ केन्द्रित गरी अवको पाठ्यक्रममा परिमार्जित गर्नु पर्छ । साथै विद्यार्थीमा मानवीयता, नैतिकता, पूर्वीय दर्शन, आत्मानुभूति, सिर्जनात्मकता र विकासलाई विशेष ध्यान दिँदै परिमार्जन गर्नु पर्छ । पाठ्यक्रम साधन र साध्य दुवै हुनाले यसलाई सशक्त बनाएर त्यसैका आधारमा पढ्ने पढाउने गर्नु पर्छ । खासगरी प्राविधिक, कृषि, विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितका क्षेत्रमा अपडेट गरिएको पाठ्यक्रमले विद्यार्थीलाई उद्यमशीलतामा समेत प्रोत्साहित गर्न सक्छ ।

**अनुसन्धानमा जोड**

अनुसन्धान व्यवस्थित तथा वैज्ञानिक रूपमा नयाँ ज्ञानको खोजी गर्ने विधा हो । शिक्षा, स्वास्थ्य, विज्ञान प्रविधिको विकासको आवश्यक हेतु विश्वविद्यालयको प्रमुख उद्देश्य अनुसन्धानपरक हुनु पर्छ । अहिलेको परिप्रेक्ष्यमा कतिपय विश्वविद्यालयले अनुसन्धानलाई प्राथमिकता दिन सकेका छैनन् । समग्रमा यसको सुधारता र नवीन आयामका साथ गतिशील, सृजनात्मक र तथ्यपरक अनुसन्धान प्रवर्धन गर्न विद्यार्थी र प्राध्यापकलाई प्रोत्साहन र सहजीकरणको व्यवस्था गर्नु पर्छ । सामाजिक, गुणात्मक, परिणात्मक र गुणस्तरीय अनुसन्धानका लागि स्रोतसाधनमा विश्वविद्यालयले मात्र नभएर राज्यले समेत लगानी बढाउनु पर्छ । अनुसन्धान नै नयाँ ज्ञानको जननी भएकाले यसमा सुधार गर्ने प्रक्रियामा अनुसन्धानलाई विशेष ध्यान दिनुपर्ने हुन्छ ।

**प्राज्ञिक स्वतन्त्रता**

विश्वविद्यालयलाई स्वतन्त्र र स्वायत्त संस्थाका रूपमा लिइन्छ । वर्तमान परिप्रेक्ष्यमा विश्वविद्यालयका शैक्षिक र प्रशासनिक क्षेत्रमा राजनीतिक हस्तक्षेप अत्यधिक मात्रामा नै हुने गरेको छ, जसले गर्दा विश्वविद्यालयको स्वतन्त्रता र प्राज्ञिक क्षमतामा कमी आउनुका साथै प्राज्ञिक संस्थाहरूको गरिमा माथि नै प्रश्न उठ्ने गरेको छ । विश्वविद्यालय जस्तो प्राज्ञिक केन्द्रलाई सुधारका लागि प्राज्ञिक स्वायत्तता अनिवार्य एवं अत्यावश्यक छ । प्राज्ञिक स्वायत्तताको अर्थ यो हो कि - विश्वविद्यालयले आफ्नो पाठ्यक्रम निर्माण, अनुसन्धान, नियुक्ति र प्रशासनिक काममा स्वतन्त्र निर्णय लिन पाउनु पर्छ । यसले विश्वविद्यालयलाई प्राज्ञिक क्षेत्रमा स्वतन्त्र निर्णय गर्न र शैक्षिक गुणस्तर सुधार्न सहयोग पुऱ्याउँछ । यसका लागि राज्यले नै सहयोग गर्नु पर्छ ।

**विद्यार्थी केन्द्रित शिक्षा**

सिकाइमा अभिप्रेरणाको ठुलो भूमिका हुन्छ । शिक्षण सुधार गर्न विद्यार्थी केन्द्रित शिक्षामा जोड दिनु पर्छ । जसले सिकारुमा अध्ययन गर्ने भोकको जागरण गराउन सक्नु पर्छ । परम्परागत व्याख्यानमूलक शिक्षण पद्धतिको साटो अन्तर्क्रियात्मक, प्रयोगात्मक र समस्या समाधानमुखी शिक्षण पद्धति अपनाउनु आवश्यक छ । विद्यार्थीले आफ्ना प्रश्न सोध्न, विचार प्रस्तुत गर्न र नयाँ सिप सिक्न प्रोत्साहित हुनु पर्छ । यसका लागि प्राध्यापकलाई समय समयमा गोष्ठी, तालिम, अन्तर्क्रिया, प्राज्ञिक सभा इत्यादिमा सहभागी गराई विद्यार्थीलाई आकर्षित गर्ने तरिकामा सुधार गर्न सकिन्छ ।

**प्रविधिको नवीन प्रयोग (डिजिटलाइजेसन)**

❖ बाँकी तेस्रो पृष्ठमा

# कृषि र औषधीय वनस्पतिको व्यवसायमा सहजीकरणको सहमति

झापा(प्रस) । नेपाल-भारत संयुक्त व्यापार मञ्च (जेबीएफ)को दोस्रो बैठकले दुई देशबीच कृषि र औषधीय वनस्पतिसम्बद्ध व्यवसायमा सहजीकरण गर्ने सहमति गरेको छ ।

काठमाडौंमा सम्पन्न बैठकले जलविद्युत्, नवीकरणीय ऊर्जा, सौर्य, वायुलगायत परियोजनामा सहकार्य गर्ने विषयमा समेत सहमति गरेको नेपाल उद्योग वाणिज्य महासंघले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । 'स्वच्छ ऊर्जा प्रवर्द्धन, पर्यटन र कनेक्टिभिटी, सडक, रेल र हवाई सम्पर्क सुदृढ गर्दै सीमापार व्यापार सहज बनाउने, व्यापार र सीमापार लगानी, कृषि र औषधीय वनस्पति, कृषि उत्पादनको कोटा हटाई उच्च बिउ तथा प्रविधि उपलब्ध गराउने, औषधीय वनस्पतिहरूमा अनुसन्धान र व्यवसायीकरणको सहकार्य, डिजिटल प्रविधि र स्टार्टअप सहयोगलगायत विषयमा आवश्यक सहजीकरण गर्ने सहमति भएको छ,' विज्ञप्तिमा भनिएको छ ।

उक्त अवसरमा दुवै देशले व्यापारमा देखिएका समस्या समाधान गर्न सहकार्य गर्ने प्रतिबद्धतासमेत जनाएका छन् । बैठकमा भएका सहमतिका विषयलाई नेपाल र भारतका वाणिज्य सचिवलाई हस्तान्तरण गरिएको छ ।
दुई देशबीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले बसेको बैठकमा नेपाल र भारतका प्रतिनिधि सहभागी थिए ।

भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार रहेको उल्लेख गर्दै जेबीएफको मिटिङमा भएका सहमतिलाई दुवै पक्षले कार्यान्वयनमा लैजानुपर्नेमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले जोड दिए । सोही अवसरमा भारतका वाणिज्य सचिव सुनिल बर्थवालले जेबीएफमा उठेका एजेन्डा कार्यान्वयनका लागि आफ्नो पक्षबाट पहल गर्ने प्रतिबद्धता जनाए ।

नेपाल र भारतबीच आर्थिक क्षेत्रमा अथाह सम्भावना रहेको र दुवै क्षेत्रमा देखिएका समस्या समाधानका लागि नीतिगत सुधार तथा व्यावहारिक समाधान खोजेर अघि बढ्नुपर्नेमा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले जोड दिए ।

# कृषि मन्त्रालयबाट एक खर्ब ७ अर्ब ६६ करोड बढी अनुदान

झापा(प्रस) । कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले मन्त्रालयबाट पछिल्लो पाँच वर्षमा १ खर्ब ७ अर्ब ६६ करोड २७ लाख ८९ हजार रुपैयाँ कृषि अनुदानमा खर्च भएको बताएका छन्। मन्त्री अधिकारीले आइतबार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अनुदान लाने कृषि सहकारी, कृषि समूह तथा कृषि फर्महरूका नाम सार्वजनिक गरेका हुन्। उनका अनुसार यस अवधिमा मन्त्रालयबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारका अनुदान प्रवाह भएका छन्। त्यसमध्ये प्रत्यक्षतर्फ (यस मन्त्रालयअन्तर्गत सञ्चालित स्वदेशी तथा विदेशी लगानीमा सञ्चालित परियोजनामार्फत कृषि सहकारी, कृषि समूह तथा कृषि फर्मलाई वितरण गरिएको अनुदान) कृषि सहकारी र समूहले लगेको २० अर्ब ३० करोड ३० लाख १४ हजार रुपैयाँ रहेको छाअप्रत्यक्षतर्फ अनुदानित रासायनिक मल ८७ अर्ब ३५ करोड ९७ लाख ७३ हजार रुपैयाँ अनुदानमा वितरण भएको मन्त्री अधिकारीले जानकारी दिए। मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि नै कृषि अनुदानको रकम दुरुपयोग भएको आशंका व्यक्त गर्दै अधिकारीले अनुदान लिनेको नाम सार्वजनिक गर्ने जनाउँदै आएका थिए। सोहीअनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अनुदान लैजानेहरूको नाम सार्वजनिक गरिएको जनाउँदै मन्त्री अधिकारीले आम जनता, सञ्चारमाध्यमलाई अनुदान रकमको प्रयोगका बारेमा खोज्न र जान्न पनि आग्रह गरे। 'मन्त्रालयबाट लगिएका र दिइएका अनुदानको अवस्था के कस्तो छ भनेर अध्ययनका लागि हामीले समिति नै गठन गरेर काम सुरू गरिसकेका छौं,' उनले भने, 'कृषि अनुदान लगेर दुरुपयोग गरिएको छ भने कारबाही हुन्छ र हुनुपर्दछ। त्यस कार्यमा तपाईंहरूको पनि साथ र सहयोगको अपेक्षा गरेको छु।'लोकतान्त्रिक शासन व्यवस्था देश र जनताप्रति उत्तरदायी र जबाफ देही शासन व्यवस्था भएको जनाउँदै कृषि मन्त्री अधिकारीले भने, 'पारदर्शीताले मात्र यो शासन व्यवस्था र सरकारप्रति जनताको विश्वास तथा भरोसा जागृत हुने भएकाले प्रदेश र स्थानीय सरकारलाई पनि कृषि अनुदान लाने संघ/संस्था, सहकारी र व्यक्तिको नाम सार्वजनिक गर्न अपिल गर्दछु।'
मन्त्रालयले सार्वजनिक गरेको सूचीमा प्रदेश र स्थानीय सरकारबाट वितरण गरिएका अनुदान रकम नपर्ने पनि उनले स्पष्ट पारे।

# मन्त्रीपरिषद्‌बाट प्रहरी विधेयक स्वीकृत


झापा(प्रस)। नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधयेक प्रधानमन्त्री तथा मन्त्रीपरिषद् बैठकले स्वीकृत गरेको छ । प्रहरी विधेयक मन्त्रीपरिषद्धा पेस गरेको थियो । विधयेक समितिमा व्यापक छलफलपछि मन्त्रीपरिषदमा पेस गरिएको गृहमन्त्री रमेश लेखकले जानकारी दिए । उनले विधयेक पारितका




मन्त्रीपरिषद् बैठकले दुवै प्रहरी सङ्गठनसम्बन्धी विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिएको हो ।

गृह मन्त्रालयले प्रहरी र सशस्त्र प्रहरी बलसम्बन्धी कानुनलाई संशोधन गर्न अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र लोक सेवा आयोगको सहमतिपछि लागि आगामी संघीय संसदमा पेस गरिने बताए । गृहमन्त्री रमेश लेखकले पद बहाली गरेसँगै प्रहरी सङ्गठन समयसापेक्ष व्यवस्थित, सुदृढ र क्रियाशील बनाउने विषय प्राथमिकतामा राखेर विधेयक परिमार्जन र संशोधनमा जोड दिएका थिए । त्यही अनुरूप गृह मन्त्रालयले विधेयक अघि बढाएको हो ।

# जलपन्छी गणना सुरु



झापा(प्रस)। कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा हिउँदे आगन्तुक जलपन्छीको गणना सुरु भएको छ । आरक्ष क्षेत्रको सप्तकोशी नदी क्षेत्रमा ३८ औं जलपन्छी गणना सुरु भएको कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयले जनाएको छ ।
कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा पानीमा आश्रित चराको गणना पाँच दिनसम्म गर्ने कार्यक्रम अनुसार सप्तकोशी नदीको चतरा क्षेत्रबाट गणना सुरु गरिएको कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयका वरिष्ठ संरक्षण अधिकृत रामदेव चौधरीले जानकारी दिए । उनका अनुसार पाँच दिनसम्म आरक्ष क्षेत्रमा रहेको नदी क्षेत्र र तालमा पाइने चराको गणना गरिने छ । चरा गणनाका राष्ट्रिय संयोजक लक्ष्मण पौडेलले प्रत्येक वर्ष पुषमा चरा गणना गर्ने गरिएको बताएका छन् । चराविज्ञ तथा संरक्षणकर्मीको सहभागितामा चरा गणना हुँदै आएको छ । उनका अनुसार नेपालमा नौ सय प्रजातिका चरा रेकर्ड भएकोमा दुई सय प्रजातिका चरा पानीमा आश्रित रहेका छन् । पानीमा आश्रित रहेका आगन्तुक र नेपालमै पाइने जलपन्छीको गणना गरिने संयोजक पौडेलले बताए । उनले भने, "पानीमा आश्रित चराको अवस्था के कस्तो छ भनेर प्रत्येक वर्ष गणना गर्ने गरिएको छ ।"
संयोजक पौडेलका अनुसार राष्ट्रव्यापी रूपमा नेपाल पन्छी संघले जलपन्छी गणना सुरु गरेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व र कोशीटप्पु वन्यजन्तु आरक्षको समवन्यमा चरा गणना भइरहेको छ । कोशीटप्पु वन्यजन्तु आरक्षमा कोशी पन्छी समाजले चराको गणनाको काम गर्ने भएको छ ।
पानीमा आश्रित चरामा हाँसका प्रजाति, बकुलाका प्रजाति, गरुडका प्रजाति, हुटिट्याउँलगायत पानीमा निर्भर रहने जलपन्छीको विज्ञद्वारा गणना गरिने राष्ट्रिय संयोजक लक्ष्मण पौडेलले बताए । गत वर्ष कोशीटप्पु क्षेत्रमा सात हजारको संख्यामा जलपन्छी गणना गरिएको थियो । चराको प्रजनन क्षमता घट्दै गएको हुँदा कोशीटप्पुमा पाइने चराको संख्या घट्दो क्रममा रहेको बताइएको छ । जाडो छल्न आउने चराले आरक्ष क्षेत्रमै बच्चा कोरल्ने गरेका छन् । किसानले खेतबारीमा हालेको विषका कारण मरेका किरा, फट्याङ्रा खाँदा चराको प्रजनन क्षमता कमजोर हुँदै गएको र चराको संख्या घट्दो क्रममा रहेको स्थानीय चराका जानकार अनिश तिम्सिना बताउँछन् ।

# मन्त्रालयले थाल्यो श्रमिकको न्यूनतम पारिश्रमिक पुनरावलोकन



झापा(प्रस)। श्रमसम्बन्धी विषयमा सरकारलाई परामर्श दिन गठित केन्द्रीय श्रम सल्लाहकार परिषद्ले श्रमिकको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्ने निर्णय गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको अध्यक्षतामा बसेको केन्द्रीय श्रम सल्लाहकार परिषद् बैठ्कले आउँदो आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याउने गरी नयाँ न्यूनतम तलब निर्धारण गर्ने प्रक्रिया अगाडि बढाएको हो । हाल श्रमिकको न्यूनतम पारिश्रमिक १० हजार ८ सय २० रुपैयाँ र महँगी भत्ता ६ हजार ४ सय ८० सहित १७ हजार ३ सय रुपैयाँ छ ।
श्रम ऐनको दफा १०२ बमोजिम केन्द्रीय श्रम सल्लाहकार परिषद् गठन गरिएको हो । परिषद्मा सरकार, रोजगारदाता र ट्रेड युनियनको २१ सदस्यीय प्रतिनिधित्व रहनेछ । यसमा अर्थ, श्रम, भौतिक, कृषि, उद्योग र स्वास्थ्य मन्त्रालयका ६ जना सचिव, रोजगारदाता र मान्यताप्राप्त ट्रेड युनियनका ५/५ जना गरी १० जना, श्रम विभागका महानिर्देशक, सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक, व्यावसायिक सीप विकास तालिम केन्द्रका कार्यकारी निर्देशक र श्रम मन्त्रालयका श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखाका प्रमुख सदस्य सचिव रहनेछन् ।
श्रम सम्बन्ध महाशाखाका प्रमुखको संयोजकत्वमा न्यूनतम पारिश्रमिक निर्धारण समिति बनाइएको श्रममन्त्री भण्डारीले जनाए । समितिलाई आउँदो असार मसान्तभित्र न्यूनतम तलब पुनरावलोकन गरी नयाँ/नयाँ पारिश्रमिक निर्धारण गर्नुपर्नेछ । श्रम ऐनको दफा १०७ अनुसार समितिले हरेक दुई-दुई वर्षमा न्यूनतम तलब निर्धारण गर्नुपर्नेछ ।
यसअघि २०८० साउन १ देखि लागू हुने गरी चियाबगानबाहेक क्षेत्रमा कार्यरत श्रमिकको न्यूनतम पारिश्रमिक १७ हजार ३ सय तोकिएको थियो । यसमा आधारभूत पारिश्रमिक १० हजार ८ सय २० र महँगी भत्ता ६ हजार ४ सय ८० पुऱ्याएको थियो । श्रमिकको प्रतिघण्टाको ज्याला ८९ रुपैयाँ छ । यसमा आधारभूत ज्याला ५६ रुपैयाँ र महँगी भत्ताबापत ३३ रुपैयाँ श्रमिकले पाउँछन् । आंशिक रूपमा काम गर्ने श्रमिकको प्रतिघण्टा आधारभूत पारिश्रमिक ९५ रुपैयाँ छ ।
रोजगारदाताकै सहमतिमा ल्याइएको यो पारिश्रमिक अझै कार्यान्वयनमा आएको छैन । ट्रेड युनियनहरूले दुई वर्षअगाडि नै बजारभाउ तथा मूल्यवृद्धि समेतलाई ख्याल गर्दा श्रमिकको न्यूनतम पारिश्रमिक मासिक २५ हजार रुपैयाँ तोक्नुपर्ने माग गरेका थिए । तर, सरकारले आर्थिक मन्दी देखाउँदै २३ सय मात्रै बढाउँदै १७ हजार ३ सय पुऱ्याएको हो ।

## विश्वविद्यालय...

प्रविधिको साधनमा र प्रयोगमा भएको पहुँचले व्यक्ति तथा संस्थालाई अगाडि बढ्न अग्रसर बनाउँछ । आजको युगमा प्रविधिको महत्व बढ्दै गएको छ । विश्वविद्यालयले यसलाई उच्च शिक्षामा सामेल गर्नुपर्ने आवश्यकता छ । अनलाइन कक्षा, डिजिटल स्रोत, स्मार्ट कक्षा, र अनलाइन पुस्तकालयले शिक्षामा नयाँ ढङ्गबाट पहुँच बढाउन मद्दत गर्छ । साथै, विश्वविद्यालयको प्रशासकीय कामलाई डिजिटल बनाउने, डेटा व्यवस्थापनलाई आधुनिक बनाउने जस्ता कदमले विश्वविद्यालयको कार्यक्षमतामा सुधार ल्याउन सक्छ । डिजिटलाइजेसनले खोज, अध्ययन, अनुसन्धान तथा सूचना पहुँचमा सरलता ल्याउँछ, जसले गर्दा विद्यार्थी र प्राध्यापकलाई समय र श्रम बचत गर्न मद्दत पुऱ्याउँछ ।

**विश्वविद्यालय-उद्योग सहकार्य**

विश्वविद्यालय सुधारका लागि विश्वविद्यालय र उद्योगको सहकार्य आवश्यक छ । त्यस्ता चुनौतीको समाधानका लागि उद्योग र विश्वविद्यालयबिच सहकार्य गर्दा पक्कै पनि नयाँ बाटो खुल्ने छ र यसबाट अन्य क्षेत्र पनि साझेदारीका लागि प्रेरित हुन्छ । संयुक्त अनुसन्धान परियोजनामा सहकार्य गर्ने, उद्योगहरूबाट प्राप्त व्यावहारिक अनुभवसहितको पाठ्यक्रम विकासमा काम गर्ने, विद्यार्थीलाई इन्टर्नसिपहरू र कम्पनीहरूमा काम गर्ने अवसर सिर्जना गर्ने तथा नयाँ प्रविधिको व्यावसायीकरणका लागि उद्योगहरूमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउनु पर्छ ।

**प्राध्यापकको क्षमता विकास**

क्षमता विकास गर्ने भनेको ज्ञान, सिप र सकारात्मक सोच (नलेज, स्किल एन्ड एट्टिच्युड) वेष्टित हुनु हो । ज्ञानले के गर्ने भन्ने बुझाउँछ । सिपले कसरी गर्ने भन्ने सिकाउँछ । सकारात्मक सोचले ज्ञान र सिपको प्रयोग गर्न सदा तत्पर बनाउँछ । यस अर्थमा विश्वविद्यालयमा सुधारका लागि प्राध्यापकहरूको भूमिका महत्वपूर्ण हुन्छ । उक्त ज्ञानलाई अभ्यास गर्न चाहिने सिप बहाल हुन जरुरी छ । ज्ञान र सिप प्रयोग गर्न सदा तत्पर भइरहन सकारात्मक सोचको जरुरी छ । उनीहरूको शैक्षिक गुणस्तर र सिपमा सुधार गर्न प्रशिक्षण, सभा, गोष्ठी र कार्यशाला कार्यक्रम आयोजना गर्न आवश्यक छ । शिक्षणमा नयाँ प्रविधिको प्रयोग, अनुसन्धानमा लाग्ने क्षमताको विकास र अन्तर्राष्ट्रिय स्तरको जानकारी प्राध्यापकलाई गराउनु पर्छ ।

**अनुगमन तथा मूल्याङ्कन**

नियमित अनुगमन र मूल्याङ्कन विश्वविद्यालय सुधारका लागि महत्वपूर्ण हुन्छ । वार्षिक क्यालेन्डर, शैक्षिक कार्यकलाप, पाठ्यक्रम, प्राध्यापकको गतिविधि, विद्यार्थीको रुचि अरुचि र प्रशासनिक प्रक्रियाको मूल्याङ्कन गरिनु पर्छ । यस्ता गतिविधिले विश्वविद्यालयको कमजोर पक्ष पत्ता लगाएर सुधारका लागि योजना नीति कार्यक्रम तथा परियोजना कार्यक्रम कार्यान्वयन गर्ने उत्तरदायित्व वहन गर्छ ।

**अन्तर्राष्ट्रिय सहकार्य**

गुणस्तरीय शिक्षा प्रवर्धन गर्न विश्वविद्यालयले अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग सहकार्य गर्न सकेमा शिक्षामा नवप्रवर्तन गर्न सक्छ । यसले शैक्षिक क्षेत्रमा देखिएका बहुआयामिक चुनौतीलाई समेट्छ । यसका लागि विद्यार्थी र प्राध्यापकलाई अन्तर्राष्ट्रिय अध्ययनका अवसर दिनु, संयुक्त अनुसन्धान कार्यक्रम सञ्चालन गर्नु र अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी गराउनु सुधारका लागि आवश्यक कदम चाल्नु पर्छ, यसले प्राध्यापक र विद्यार्थीलाई अन्य देशका प्रध्यापक र विद्यार्थीसँग अनुभव साट्न, ज्ञान सक्षमता साटासाट गर्ने अवसर दिन्छ ।

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन:** ०२३-५४०४७८
**मो:** ९८५२६७७३५५
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७०१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । राजनैतिक कार्यमा बाधा

**वृष** बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।सम्पत्ति हराउने र साँझमा खर्च

**मिथुन** आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्

**कन्या** गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता

**कुम्भ** आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मिन** दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।